# रोम विधान अनुमोदनको प्रतिबद्धता

काठमाडौं, १० भदौ (कास)- प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) सम्बन्धी रोम विधान अनुमोदन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

शनिबार बिहान आईसीसी सम्बन्धमा छलफलका लागि यहाँ आएका अन्तर्राष्ट्रिय टोलीसँग उनले सरकार रोम विधान अनुमोदन गर्न कटिबद्ध रहेको बताएका हुन् ।

मानव अधिकारवादी संस्था इन्सेकले जारी गरेको विज्ञप्तिमा प्रधानमन्त्रीले रोम विधान पारितका लागि आवश्यक पहल गर्नेसमेत जानकारी दिएको उल्लेख छ ।

THE KATHMANDU POST DAILY(NEPALI)
27 August 2006